नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
जनकपुर भन्सार कार्यालय
जनकपुरधाम, धनुषा

फोन नं. : ०४१ - ५२०१६६
फ्याक्स : ०४१ - ५२०८५०
Email : janakpur@customs.gov.np

मिति: २०८२।१२।२०

## लिलामीको ७ दिने सूचना

प्रमुख भन्सार अधिकृत

यस कार्यालयमा अवैध पैठारी/निकासीको अभियोगमा वादी नेपाल सरकार र प्रतिवादी ब्वारीसे भएको भन्सार निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दर्ता भएको देहाय बमोजिमको मालवस्तु जे जस्तो अवस्थामा छ सोही अवस्थामा भन्सार नियमावली २०६४ को नियम ३६(५) बमोजिम खुल्ला बोलकबोलद्वारा लिलाम बिक्रिगर्नुपर्ने भएको हुदाँ ईच्छुक व्यक्ति, फर्म, तथा संस्थालाई डाँक बढाबढमा भाग लिनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन मिति २०८२।१२।२६ गते (सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन) दिनको १३:०० बजे देखि १५:०० बजे सम्म यस कार्यालयको परिसरमा डाँक बढाबढ हुनेछ । लिलाम लिन ईच्छुक फर्म/कम्पनीले अनिवार्य रुपमा आयकर, मु.अ. करको दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा कारोबार गर्ने प्राप्त इजाजत पत्र र आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । डाँक बढाबढमा सबै भन्दा बढी अंक कबोल गर्ने फर्म तथा कम्पनीको कबोल रकम स्वीकृत गरिने छ । कबोल अंक स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मालवस्तुको मुल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (मु.अ.कर,अन्तःशुल्क) रकम समेत भुक्तानी गरी मालवस्तु उठाई लैजानु पर्नेछ । तोकिएको म्यादभित्र मालवस्तु उठाई नलगेमा भन्सार नियमावली २०६४ को दफा ३६ मा भएको व्यवस्था अनुसार हुने व्यहोरा समेत सुचित गरिन्छ । डाक बढाबढमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम राष्ट्रिय वाणिज्य बैंक जनकपुरमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषाको धरौटी खाता नं १२२०१००१०२०३०००० मा जनकपुर भन्सार कार्यालयको कोड (३०५०३१७०१) मार्फत जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ । डाँक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आइ बुझ्न सकिने छ । यस सुचनामा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ । यो सुचना भन्सार बिभागको website.www.customs.gov.np / janakpur@customs.gov.np मा समेत हेर्न सकिनेछ ।

तपसिल

| सि.नं. | दर्ता मिति | मुद्दा नं. | मालवस्तुको विवरण | प्रतिवेदन मुल्य |
|---|---|---|---|---|
| १ | २०८२।१२।०१ | ०३१३ | रेडिमेड तयारी कपडाको पर्दा ६९ पिस बच्चाको रेडिमेट कपडा ३ सेट(६ पिस) सर्ट पाईन्टको कपडा ५८ सेट | २८००० |
| २ | २०८२।१२।०२ | ०३१४ | शोभल बोल्ट ४० प्याकेट Oil Seal १० पिस हाईड्रोलिक पाईप २० पिस भि-गार्ड रिङ किट १५ पिस ट्राक्टर पार्ट २ प्याकेट एसा्कि लवर २ प्याकेट स्पाईडल २ पिस लक रिङ २०० पिस बोल्ट वासर १२ प्याकेट ट्राक्टरको कपडा ९ पिस रेडिमेट नाईटी ६० पिस शेरा व्लुमर २३९ पिस शेरा स्याण्डो ३० पिस गेट पर्दा लेडिज ज्ला १५ पिस | ६१४७५ |
| ३ | २०८२।१२।०३ | ३१६ | मोवाईलको कभर ३ भंगा (अं. २५३८ पिस) बच्चाको जुत्ता ८२ जोर लेडिज सेन्डिल चप्पल २८२ जोर Sahem लेखिएको लेडिज चप्पल १७४ जोर बच्चाको सेन्डिल चप्पल ३८२ जोर जेन्स चप्पल ९० | ३०२१२० |
| ४ | २०८२।१२।०३ | ३१७ | सारी ९६ पिस | ५७६०० |

ईति सम्वत २०८२ साल १२ महिना २० गते ०६ रोज शुभम् ।